**प्रस्तावहरू**

१. छैठौं नगर सभा सम्बन्धमा ।

२. पाडी वितरण सम्बन्धमा ।

३. कार्यविधि सम्बन्धमा ।

४. विविध

**निर्णयहरू :**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगरपालिकाको छैठौं नगर सभा यही ०७६ साल पौष २४ गते विहिबारका दिन दिनको १:०० बजेदेखि नगरपालिकाहलमा संचालन हुने गरी आब्हान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस नगरपालिकाले चालु बर्षमा कृषकहरूको आय आर्जनका लागि पाडी वितरण गर्न देहायका वडामा निम्नानुसार संख्या निर्धारण गर्ने निर्णय गरियो ।

| वडा नं. | संख्या |
|---|---|
| १ | ४२ |
| २ | ३५ |
| ३ | ३० |
| ४ | २० |
| ५ | २० |
| ६ | २० |
| ७ | ३ |
| ८ | २० |
| ९ | २० |
| १० | २० |
| ११ | २० |
| १२ | ५० |
| जम्मा | ३००।- (तीन सय) |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाको लागि निम्न अनुसारको कार्यविधि आवश्यक भएकोले उक्त विषयमा तयार भएको प्रस्तावित मस्यौदा कार्यविधि उपर आवश्यक सैद्धान्तिक छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

क) सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि, ०७६

ख) विउपुजी परिचालन कार्यविधि, ०७६

४. **विविध :**

क) गोगुनाल सिंचाई योजना पनौती-८ को लागि कोटेशनका आधारमा खरिद गरिने पानीतान्ने पम्पको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ख) यस नगरपालिकाको विभिन्न वडामा रहेका निम्न अनुसारका सिंचाई योजनाको मर्मत संभार गर्न मर्मत संभार खर्च शिर्षकबाट देहाय बमोजिम बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

१. झ्यामासी कुलो मर्मत संभार २ लाख

२. सिन्कालामा सिंचाई पनौती-४ १ लाख

३. ल्याखलुङ्ग सिंचाई पनौती-४ १ लाख